का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ जेठ २०८०,
बुधबार
17 May 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १११ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# रेशम चौधरी छुटाउने सरकारको प्रयासमा 'ब्रेक'

कानून न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले जुनसुकै अदालतमा जुनसुकै तहमा रहेको मुद्दा पनि फिर्ता लिन सकिने कानूनी व्यवस्थाको प्रस्ताव गरेका थिए । तर विधेयक अगाडि नबढ्दै सर्वोच्च अदालतले रेशम चौधरीलाई छुटाउने सरकारी प्रयासमा ब्रेक लगाइदिएको छ ।





उहाँ (नागरिक उन्मुक्ति पार्टी)ले सर्वोच्च अदालतको फैसलालाई सर्वोच्चको फैसलाकै रुपमा बुझ्नुपर्छ । सरकारसँग जोडेर हेर्न हुँदैन ।

**देव गुरुङ**
**महासचिव, माओवादी केन्द्र**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

सत्तारुढ दल नागरिक उन्मुक्ति पार्टी (नाउपा)का संस्थापक रेशम चौधरीलाई जन्मकैद हुने उच्च अदालत दिपायलको फैसला सर्वोच्च अदालतबाट सदर भएको छ । यो सँगै रेशम चौधरीलाई छुटाउने सरकारी प्रयासमा ब्रेक लागेको छ। टिकापुर घटनामा दोषी ठहर भएका चौधरीलाई सरकारले कानून नै बनाएर छुटाउन लागेको थियो ।

२८ वैशाख २०८० मा प्रतिनिधिसभामा 'केही नेपाल ऐन संशोधन विधेयक' दर्ता गर्दै कानून न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले नेपाल सरकारसँग सम्झौता भएका राजनीतिक दल वा समुहका व्यक्तिउपर सरकारवादी मुद्दामा जुनसुकै अदालतमा जुनसुकै तहमा रहेको मुद्दा पनि फिर्ता लिन सकिने कानूनी व्यवस्थाको प्रस्ताव गरेका थिए। संशोधन विधेयक संसदीय प्रक्रियामा अगाडि नबढ्दै सर्वोच्च अदालतले रेशम चौधरीलाई छुटाउने सरकारी प्रयासमा ब्रेक लगाइदिएको हो ।

२०७२ साल भदौ ७ गते टिकापुरमा एक वालकसहित ८ जनाको हत्या हुने गरी भएको घटनामा उच्च अदालतबाट भएको फैसलामा चित्त नबुझाएर रेशम चौधरीले सर्वोच्च अदालतमा पुनरावेदन दिएका थिए। पुनरावेदनमा रहेको मुद्दा फिर्ता लिन नमिल्ने कानूनी व्यवस्था नै बदल्ने प्रयास सरकारले केही नेपाल ऐन संशोधन विधेयक मार्फत गरेको थियो ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ मुद्दा फिर्ता लिन नहुने सम्बन्धी व्यवस्था छ। फिर्ता लिन नहुने सम्बन्धी व्यवस्थामै दफा ११६क थपेर सरकारले 'शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने' व्यवस्था राख्न खोजेको थियो ।

प्रस्तावित विधेयकमा भनिएको छ, '...शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई नेपाल सरकार र त्यस्तो राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार वादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति भएकोमा त्यस्तो सम्झौता बमोजिम त्यस्ता राजनीतिक दल वा समूहका नेता तथा पृष्ठ २ मा

नक्कली भुटानी शरणार्थी प्रकरण

## संसदीय समितिले सरकारसँग माग्यो जवाफ

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

६ महिनापछि शुरु भएको संसदीय समितिका बैठकमा नक्कली भुटानी शरणार्थी प्रकरणले प्रवश पाएको छ । सांसदहरुले सरकारसँग यस विषयमा चासो मात्रै राखेका छैनन् । सरकारसँग जवाफ नै मागेका छन् ।

मंगलवार बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा नेपाली कांग्रेसका महामन्त्री समेत रहेका सांसद विश्वप्रकाश शर्माले नक्कली भुटानी शरणार्थी प्रकरणबारे सरकारसँग जवाफ मागे । नक्कली भुटानी शरणार्थी प्रकरणमा सरकारले अनुसन्धानको प्रक्रिया कहाँसम्म




पुऱ्याएको हो भन्ने जवाफ दिनुपर्ने उनको भनाइ छ ।

'नक्कली भुटानी शरणार्थी प्रकरणबारे हामी सुसूचित हुन जरुरी छ । दोषीहरू कोही नछुटुन्, निर्दोष कोही नछुटुन् भनेर हामी सबै राजनीतिक दलहरूले भनेका नै छौं, सबै सहमत नै छौं, यसमा गृहमन्त्रीज्यूको भनाइ हामीले सुन्न पाएका छैनौं' महामन्त्री शर्माले भनेका छन् ।

बैठकमा गृहमन्त्री नारायणमाजी श्रेष्ठ समेत समेत उपस्थित थिए । 'के कस्तो प्रकार पृष्ठ २ मा

## कसले चलाउँछ सरकार ?

टिप्पणी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

काठमाडौंको धुम्बाराहीस्थित केन्द्रीय कार्यालयमा सुरू भएको केन्द्रीय समितिको बैठकमा बोल्दै राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले वर्तमान सरकार विदेशीका इसारामा चलेको दाबी गरे । देश भित्रकै दलले सरकार निर्माण गर्न सक्छन् भन्ने प्रमाणित गरे पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड विदेशीको इसारामा चल्दा सरकार छोडेर प्रतिपक्षमा बस्नुपरेको उनले दाबी गरे । उनले मात्रै होईन, नेकपाका महासचिव नेत्रविक्रम चन्दले पनि केही समयअघि नेपालको सरकार विदेशीको इसारामा बन्ने र टिक्ने दाबी गरेका थिए । त्यस्तै, प्रतिपक्षी दलका अन्य नेताहरुले पनि सरकार विदेशीको इसारामा नाँचेको आलोचना गर्दै आएका थिए ।

प्रतिपक्षी दलको आलोचना सत्तापक्षको लागि नौलो भने होईन, तर सत्तापक्षकै बहालवाला मन्त्रीले समेत सरकार आफूहरुले चलाउन नपाएको विषय उठाएपछि सो विषयले तरंग पैदा पाएको छ । चीन, भारत र अमेरिकाको इसारामा नेपालम सरकार बन्ने आरोप लागिरहँदा मन्त्रीको अभिव्यक्तिले सो विषयको पुष्टि गरेको छ । मंगलबार संघीय संसद अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सिंहदरबारमा बसेको बैठकमा बोल्दै उनले मन्त्री अरूले नै चलाउने भएकाले आफूलाई भने 'सोकेसको मान्छे' जस्तो भएका बताएका हुन् । 'यहाँ अरूले नै संसद चलाउँदो रहेछ। हामी त डमी मात्रै रहेछौं । अरूले नै चलाउँदो रहेछ मन्त्री त । हामी त सोकेशको मान्छे मात्रै रहेछौं । मलाई लागेको कुरा यो हो । हामीले पर्यटनको क्षेत्रमा हामीले धेरै ऐन बदल्नु छ र यो सेक्युरिटीको क्षेत्रमा हामीले यो ऐनलाई छिटो पास गर्नुछ । संसदमा हाम्रो सक्रिय भूमिका भइदिनु पर्‍यो । चासो गरिदिनु पर्‍यो। तपाईहरूले बोलिदिनु पर्यो। अनि मात्रै एउटा मन्त्रीको बल आउँदो रहेछ' उनले भनेका थिए । मन्त्रीको उक्त संकेतपछि नेपालको राजनीति, कूटनीति, धर्म, संस्कृति लगायतका हरेक विषय विदेशीको इसारामा चलेको छ वा छैन भन्ने पक्ष र विपक्षका वहस पनि भईरहेकै छन् ।

'मन्त्री किराँतीको कुरालाई नकार्न मिल्दैन, विदेशीबाट पैसा लिएर नेपालको हितविरुद्ध काम गर्ने कतिपय संसदमै छन्, अनि सरकार विदेशीको इसारामा चल्नु के ठूलो विषय भयो र?' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । उनले नेपालका दल र व्यक्ति विदेशको इसारामा नाँचेर जनताको हकहितका लागि काम गर्न नसकेको बताएका छन् । नेपालको सरकार विदेशीबाट सञ्चालित हुन्छ भन्ने चर्चित उक्तिलाई मन्त्री किराँतीको अभिव्यक्तिले भने पुष्टि गरिदिएको छ ।

सर्वोच्चको आदेश

## अहिले पूर्वलडाकुलाई दुई लाख नदिनू

सर्वोच्चले यो विषयमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्नेबारे छलफलका लागि दुवै पक्षलाई झिकाउने आदेश गरेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

सर्वोच्च अदालतले माओवादीका पूर्वलडाकुलाई दुई लाख दिने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश कुमार रेग्मीको इजलासले मंगलबार माओवादीका पूर्वलडाकुहरुलाई २ लाख रुपैयाँ राहत रकम दिने निर्णय तत्काल कार्यान्वयन नगर्न सरकारका नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो । अल्पकालीन आदेश जारी गर्दै यो विषयमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्नेबारे छलफलका लागि दुवै पक्षलाई झिकाउने आदेश गरेको छ ।

अधिवक्ता ज्ञानेन्द्र आरणले माओवादी अयोग्य लडाकुहरुलाई राहत रकम उपलब्ध पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## साउदी भीएफएसबारे श्रमद्वारा परराष्ट्रलाई पत्राचार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले साउदी अरबको भिसा प्रक्रियामा भीएफएस ग्लोबल सर्भिस सम्बन्धमा थप कुटनीतिक छलफलका लागि परराष्ट्र मन्त्रालयलाई आग्रह गरेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई ९ बुँदे ज्ञापनपत्र बुझाउँदै साउदी अरबको भिसा प्रक्रिया निजी क्षेत्रको भीएफएस ग्लोबल सर्भिस नेपालले सञ्चालन गर्ने विषयमा असन्तुष्टि राखेको थियो । मन्त्रालयले संघ र वैदेशिक रोजगार व्यवसायीबाट असन्तुष्टि र विरोधमा विज्ञप्ति आएको उल्लेख गरी उक्त कार्यलाई थप व्यवस्थित गर्नका लागि श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयबीच थप छलफल र सहमति आवश्यक देखिएको भन्दै त्यस सम्बन्धमा कुटनीतिक पहल गर्न आग्रह गरेको छ ।

मन्त्रालयले वैदेशिक रोजगरका लागि नेपाली श्रमिकको मुख्य गन्तव्यको रूपमा रहेको साउदी अरेबियामा भिसा तथा यात्रासम्बन्धी कार्य भीएफएस ग्लोबल सर्भिस नेपालमार्फत कार्यान्वयनमा ल्याउँदा नेपाली श्रमिकहरूलाई थप आर्थिक भार पर्न जाने तथा एकाधिकार सिर्जना हुने भनी संघले विज्ञप्तिमार्फत उठाएको विषयले थप छलफल माग गरेको सन्दर्भलाई विशेष जोड दिएको छ ।

संघले सो प्रक्रियाले तत्काल कामदारलाई आर्थिक भार पार्ने र भविष्यमा प्रत्यक्ष अप्रत्यक्षरूपमा अन्य सिण्डिकेट खडा हुनसक्ने खतरा रहेको बताएको छ । विगतमा कामदारको हित र सेवाको प्रभावकारिताका बहानामा विभिन्न संस्थाहरू खडा हुने तर पछि ती संस्थाहरू सिण्डिकेटका रूपमा देखापर्ने गरेकाले संघ बढी सचेत रहेको अध्यक्ष राजेन्द्र भण्डारीले उल्लेख गरेका छन् ।

## विभागको महानिर्देशकमा दहाल



**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागको महानिर्देशक परिवर्तन गरेको छ। मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिव मदन दाहाललाई विभागको जिम्मेवारीमा पठाइएको हो ।

राजस्व अनुसन्धान विभागको महानिर्देशकबाट दहाल केही समयअघि श्रम मन्त्रालयमा सरुवा भई आएका हुन् । नवनियुक्त महानिर्देशक दहाल अर्थ मन्त्रालयअन्तर्गत २५ वर्ष काम गरेका अनुभवी मानिन्छन् ।

एनसेलको ६२ अर्ब कर निर्धारण समितिका सदस्य रहिसकेका दहाल चर्चित नक्कली बिल प्रकरणमा पनि अनुसन्धान टोलीका सदस्य थिए । करिब नौ महिनाअघि विभागको महानिर्देशकको जिम्मेवारीमा पृष्ठ २ मा

**MALAYSIA र QATAR मा रोजगार** | कम्पनी: MALAYSIAN MOSAICS SDN BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८१७८ LT. No.: 272431 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 45 | 0 | स. काममा दक्ष | 1500 | ४३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: AH HUI BAK KUT TEH शहर: MELEKA
पूर्व स्वीकृत मितिः २०८०/०२/०२ चलानी नं.: ६०२०१४६९ LT. No.: 286025

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Cook | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: SIKA CAR SERVICES शहर: Doha
पूर्व स्वीकृत मितिः २०७९/०६/२४ चलानी नं.: ६०१८९३१९ LT. No.: 273182 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Helper | 1 | 0 | स. काममा दक्ष | 1100 | ३६,०६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |
| 2. | LABOUR | 4 | 0 | | 1000 | ३६,०६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १० गते (24 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Blue Ocean Recruitment Pvt. Ltd.**
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772.
Email: info@blueoceanmanpower.com,
recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com
श्रम इजाजत नं. ११६३/०७३/०७४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३ जेठ २०८०, बुधबार
17 May 2023, Wednesday

# 'म्याद गुज्रेको' औषधिले बिरामीको मृत्यु

## फार्मेसी तोडफोड, १० लाखमा सहमति

**काठमाडौं/मस**–गोरखाका ६० वर्षीय दमका बिरामीको उपचारका क्रममा सोमबार अपरान्ह मृत्यु भएको छ । बसुन्धारास्थित ग्रीनसिटी अस्पतालमा उनको उपचारका क्रममा मृत्यु भएको हो । निमोनिया र ज्वरो आएपछि ती बिरामीलाई आइतबार ग्रीनसिटी अस्पतालमा उपचारका लागि लगिएको थियो । अस्पतालको आइसीयुमा राखेर उपचार गराउने क्रममा उनलाई म्याद गुज्रिएको औषधि दिँदा मृत्यु भएको भतिजा



शिव पन्तले बताएका छन् । मुटुको धड्कन बढाउने १० वटा औषधिमध्ये सातवटा चलाएको उनले बताए । बाँकी तीनवटा औषधि फिर्ता गर्दा मात्रै म्याद गुज्रेएको पत्ता लागेको थियो । उक्त अस्पतालमा बाहिरबाट औषधि ल्याउन पाइँदैन। शिवका अनुसार अस्पतालभित्रै किन्नुपर्ने बाध्यता छ ।

### १० लाखमा सहमति

बिरामीको मृत्युको विषयलाई लिएर आफन्तले फार्मेसी तोडफोड गरेपछि ग्रिन सिटी अस्पतालले उपचार शुल्क मिनाहा र १० लाख रुपैयाँ क्षतिपूर्ति दिने भएको छ ।

फोक्सोमा पानी जमेका कारण उपचारका लागि गत आइतबार गोरखाका ६२ वर्षीय लोकनाथ भट्टको सोमबार दिउँसो मृत्यु भएको थियो । तर, मृतकका आफन्तले भने म्याद सकिएको औषधिका कारण मृत्यु भएको आरोप लगाएका छन् । आफन्तले भने अस्पतालको फार्मेसीले दिएको म्याद सकिएको औषधिकै कारण मृत्यु भएको भन्दै साँझ पाँच बजेतिर फार्मेसी तोडफोड गरेका थिए ।

# बाढीग्रस्त क्षेत्रमा प्रशासनको अनुगमन

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २ जेठ

लाल बकैया र बागमती नदीको बीचमा रहेको रौतहट जिल्लामा वर्षेनी बाढी, डुबान र कटानले क्षति पुर्‍याउँदै आएको छ ।

उक्त क्षेत्रमा मंगलबार जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रसहितको टोलीले अनुगमन गरेको छ। उक्त टोलीले अति जोखिम स्थानको स्थलगत अनुगमन गरेको हो ।

सो क्रममा पालिका प्रमुखसँग छलफल समेत गरिएको टोलीमा सहभागी युवा नेता रोशन झाले बताए ।



बाढी, डुबान र कटानका कारण उक्त क्षेत्रमा वर्षेनी ठूलो जनधनको क्षति हुँदै आएको छ ।

बाढी, डुबान, कटानको उच्च जोखिममा रहेका रौतहटको दक्षिणी भेगमा केही स्थानमा तत्कालै बाँध मर्मत तथा नयाँ स्पर निर्माणको आवश्यकता रहेको स्थानीयले माग गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी मिश्र मंगलबार दिउँसो दुर्गा भगवति गाउँपालिकामा पुग्दा अध्यक्ष शम्भु सिंहले वडा नम्बर ३ मा थप एउटा स्परको आवश्यकता रहेको बताएका थिए ।

लाल बकैया तथा बागमती नदी नियन्त्रण कार्यालयबाट यस वर्ष बागमति नदीमा नयाँ स्पर निर्माण भएका छन् । अनुगमनका क्रममा प्रजिअ मिश्रसहितको टोलीले वडा नम्बर ५ वडहर्वामा निर्माण भइरहेको हुलाकी राजमार्गको बागमती पुलबारे जानकारी समेत लिएका थिए ।

अनुगमनमा सशस्त्र प्रहरी उपरीक्षक माधव रेग्मी, राष्ट्रिय अनुसन्धानका प्रमुख चन्दन झा, वडा अध्यक्ष डिके झा र धर्मनाथ चौधरी लगायतको उपस्थिति रहेको थियो ।

### रेशम...

कार्यकर्ताविरुद्ध नेपाल सरकार बादी भई चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा पर्ने छैन ।'

तर, अब सर्वोच्चले रेशम चौधरीका सन्दर्भमा जन्मकैदको फैसला सदर गरेको छ । यो सँगै अब रेशम चौधरी सांसद समेत हुन पाउँदैनन् ।

संविधानको धारा ८७ मा प्रतिनिधिसभा सदस्यको योग्यता सम्बन्धी व्यवस्था छ । सांसद सदस्यको योग्यता सम्बन्धी व्यवस्थामा भनिएको छ, 'नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको ।'

सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्र सर्वोच्चको फैसलाका कारण नाउपाले सरकारलाई दिएको समर्थन फिर्ता लिने जस्तो नहुने र हुन नहुने प्रतिक्रिया दिएको छ ।

माओवादी केन्द्रका नेता देवेन्द्र दाहाल थारु आन्दोलन राजनीतिक मुद्दा भएको बताउँछन् । । राजनीतिक घटनाका आधारमा मुद्दा लगाउनु र त्यस अनुसार फैसला हुनुले डेमोक्रेसीमा रहेको विद्रोहको अधिकारलाई कुण्ठित हुने उनको ब्याख्या छ ।

राजनीतिक आन्दोलनमा भएका घटनाहरुमा फौजदारी संहिता आर्कषित नहुने भन्ने नभए पनि रेशम चौधरीको विषय कुनै चोरी डकैती गरको आपराधिक घटना नभएका कारण जन्मकैदको विषय हुन नसक्ने नेताहरुको विश्लेषण छ । माओवादीका नेता कृष्ण बहादुर महरा भन्छन्, 'राजनीतिक घटनामा अदालतबाट यस किसिमको फैसला आउँदा डेमोक्रेसीमा रहेको विद्रोहको अधिकार उलंघन हुन्छ ।'

तथापि, सर्वोच्चको फैसला मानेर जानुको विकल्प नरहेको उल्लेख गर्दै माओवादी नेताहरु अबको बाटो भनेको अन्तिम फैसला आएपछि राष्ट्रपतिबाट माफी मिना गराउन सकिनेतर्फ मात्रै रहेको बताउँछन् ।

माओवादी केन्द्रका महासचिव देव गुरुङ भन्छन्, 'उहाँ(नागरिक उन्मुक्ति पार्टी) सर्वोच्च हदालतको फैसलालाई सर्वोच्चको फैसलाकै रुपमा बुझ्नुपर्छ। सरकारसँग जोडेर हेर्न हुँदैन ।'

### नक्कली...

अवस्था छ, निर्दोष फस्नु नहुने र दोषी उम्किनु नहुने स्थिति बनाउनका लागि सरकारले के गतिविधि गरिरहेको छ, नक्कली भुटानी शरणार्थीको छानबिनको सन्दर्भमा सक्कली छानबिनको वस्तुस्थिति के छ भन्नेबारेमा जानकारी गराउन आवश्यक छ' शर्माले गृहमन्त्री श्रेष्ठकै अगाडि भनेका छन् ।

जवाफमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नक्कली भुटानी शरणार्थी प्रकरणको विषयमा सरकार कुनै पनि दबाबमा पछि नहट्ने बताएका छन् ।

उनले यस प्रकरणमा नेपाल प्रहरीलाई कसैको पनि दबाबमा नपरीकन काम गर्न निर्देशन दिइएको भन्दै अहिले प्रहरीले निष्पक्ष रुपमा काम गरिरहेको उल्लेख गरे । उनले भ्रष्टाचारका अन्य प्रकरणहरुको पनि अनुसन्धान हुने बताए । उनले अनुसन्धानको आधारमा विभिन्न व्यक्तिहरुलाई नियन्त्रणमा लिने र अनुसन्धानले पुष्टि गरेपछि कानुनी दायरामा ल्याउने सरकारको काम भएको बताए ।

'नेपाली नागरिकलाई अनागरिक बनाएर भुटानी शरणार्थीको रुपमा विदेश पठाउने त्यसरी विदेश पठाउने प्रक्रियालाई अघि बढाएर सम्पत्ति आर्जन गर्ने काम भएको कुरामा अहिले सरकाकर, गृह मन्त्रालय र प्रहरीले अनुसन्धानको प्रक्रिया अघि बढाएको छ' उनले भने 'यो मुल स्पिरिटलाई केन्द्रबिन्दुमा राखेर यो प्रक्रिया अघि बढाएका छौं । अहिले देखापरेको यो अवस्था । म के भन्न चाहन्छु भने अगाडि ल्याएर त्यसमा मात्रै केन्द्रित हुने पक्षमा सरकार छैन ।' यस्तै भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि सरकार प्रतिबद्ध रहेको भन्दै राजनीतिक दबाबबाट अनुसन्धानको काम आफूले नरोक्ने उनको भनाइ थियो । 'समृद्धिको यात्राको प्रमुख बाधक भ्रष्टाचार र कुशासनलाई समाधान गर्न अरु समाधानहरु छन् त्यसलाई निर्भिकतापूर्वक सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्छु' उनले भनेका छन् ।

### सर्वोच्चको...

गराउने निर्णय गैरकानुनी भएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका थिए ।

सरकारले माओवादी अयोग्य लडाकुहरुलाई २ लाख रुपैयाँका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरेको थियो। मन्त्रिपरिषदको निर्णय अनुसार गृह मन्त्रालयले रकम उपलब्ध गराउन कार्यविधि समेत बनाएको थियो ।

### विभागको...

गएका उमाकान्त आचार्यलाई मन्त्रालय तानिएको छ ।

केही दिन अगाडि विभागका निर्देशक कृष्णप्रसाद भुसालको पनि मन्त्रालयमा नै सरूवा भएको थियो । उनको ठाउँमा गुरूदत्त सुवेदी गएका छन् । विभागको संस्था शाखाका अधिकृत प्रदीप ढकालको पनि सरूवा भएको बताइएको छ ।

## गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रानिमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### शिलबन्दी दरभाउ आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः– २०८०/०२/०३)**

चालू आ.व. २०७९/०८० मा यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिम सामग्री खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक अधिकृत विक्रेता वा फर्महरुबाट देहायका शर्तहरुको अधीनमा रही रितपूर्वकको दररेट पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र. सं. | बोलपत्रको विवरण | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रु. | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | ठेक्का नं. GRM/GOODS/SQ/03/079/080, Supply Delivey of Sanitary Pad for Gurans Rural Municipality, Dailekh (खरिद गर्नुपर्ने सेनिटरी प्याडहरु नेपाल सरकारबाट स्वीकृत सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा (४) सँग सम्बन्धित अनुसूची १ मा उल्लेखित सेनिटरी प्याडको न्यूनतम मापदण्ड र ऐ कार्यविधिको दफा २० को उपदफा (२) सँग सम्बन्धित अनुसूची २ मा उल्लेखित स्थानीयस्तरमा उत्पादित सेनिटरी प्याडको न्यूनतम मापदण्ड अनुरुप हुनुपर्नेछ । कार्यविधि गाउँपालिकाको वेवसाइट www.guransmun.gov.np मा तथा https://bolpatra.gov.np/egp/ यसै सूचनासाथ राखिएको छ ।) | १०००/- | ४९,२५०/- | ४१,२००.०० प्याकेट | |

१. सूचना प्रकाशन भएको मितिले २०८०/०२/१८ गते मध्यान्ह १२:०० बजेभित्र इच्छुक फर्म/कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, कालो सुचीमा नपरेको स्वयं घोषणापत्र, व्यवसाय दर्ता गरेको प्रमाणपत्र संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट https://bolpatra.gov.np/egp/ बाट प्रस्ताव पेस गर्न सकिनेछ । पेस भएका प्रस्ताव मिति २०८०/०२/१८ गते दिनको २:०० बजे खोलिनेछ ।
२. बोलपत्र दस्तुर गाउँपालिकाको नाममा प्रभु बैंक शाखा कार्यालय, गुराँसमा रहेको आन्तरिक राजश्व खाता नं. 1550109299100081 र बोलपत्र जमानत 1550109299100071 मा जम्मा गर्न सकिनेछ ।
३. प्राप्त दररेटमाथि आवश्यक छानविन गरी उल्लेखित कार्य गर्न योग्य फर्म वा कम्पनी छनौट गरिनेछ ।
४. दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
५. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको दररेट उपर कुनै कारवाही हुने छैन् ।
६. प्रचलित ऐन, नियमानुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित दररेट पेस गर्नेले नै व्यहोर्नु पर्नेछ ।
७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकाको कार्यालयमा निहित हुनेछ ।
८. उपलब्ध गराउनु पर्ने सेनिटरी प्याड कार्यालयले निर्धारण गरेको स्पेशिफिकेशन बमोजिम हुनुपर्नेछ । सम्झौता गर्न आउदा बिक्रेता वा फर्म उपलब्ध गराउने सामग्रीको ५ पिस नमुना सहित उपस्थित हुनुपर्नेछ ।
९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन नियमानुसार हुनेछ ।
१०. विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५८०२०१४४ मा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेनी, म्याग्दीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/०३ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सि.सि बैंक लि.) शाखा कार्यालय बेनी, म्याग्दीबाट तपसिलमा उल्लिेखत ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औ दिन अर्थात मिति २०८० जेठ १८ गते बिहीबार**का दिन शाखा कार्यालय ट्राफिकचोक, बुटवलमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीहरुको विवरणः**

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाण्जिय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग बिकास समिति २०७६/०५/२५ मा दर्ता नं. २१२६/०७६/०७७ दर्ता कायम भई म्याग्दी जिल्ला, बेनी नगरपालीका वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **पुर्खा कस्सट्रक्स**का प्रोप्राईटर टेक बहादुर भण्डारीको नाति, भेष बहादुर भण्डारी/यु कुमारी भण्डारीको छोरा, ज्वाला गिरी भण्डारीको पति, म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक भगबती गा.वि.स वडा नं. ७) बस्ने **धिरेन्द्र बहादुर भण्डारी** (ना.प्र.नं. ४९१००६/१०८३५, जारी मिति २०६५/१०/२१, जिल्ला प्रशासन कार्यालय म्याग्दी)।
२. टेक बहादुर भण्डारीको नाति, भेष बहादुर भण्डारी/यु कुमारी भण्डारीको छोरा, ज्वाला गिरी भण्डारीको पति, म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक भगबती गा.वि.स वडा नं. ७) बस्ने **धिरेन्द्र बहादुर भण्डारी** (ना.प्र.नं. ४९१००६/१०८३५, जारी मिति २०६५/१०/२१, जिल्ला प्रशासन कार्यालय म्याग्दी) ।

**२.व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

१. टेक बहादुर भण्डारीको नाति, भेष बहादुर भण्डारी/यु कुमारी भण्डारीको छोरा, ज्वाला गिरी भण्डारीको पति, म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक भगबती गा.वि.स वडा नं. ७) बस्ने **धिरेन्द्र बहादुर भण्डारी** (ना.प्र.नं.४९१००६/१०८३५, जारी मिति २०६५/१०/२१, जिल्ला प्रशासन कार्यालय म्याग्दी) ।
२. टेक बहादुर भण्डारीको नाति, भेष बहादुर भण्डारी/यु कुमारी भण्डारीको छोरा म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक भगबती गा.वि.स वडा नं ७) बस्ने **रमेश बहादुर भण्डारी** (ना.प्र.नं. ४९१००६/१४३४, जारी मिति २०६४/०१/३०, जिल्ला प्रशासन कार्यालय म्याग्दी) ।
३. टेक बहादुर भण्डारीको बहारी, भेष बहादुर भण्डारीको पत्नी, म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक राखु भगबती गा.वि.स वडा नं ७) बस्ने **यु कुमारी भण्डारी** (ना.प्र.नं. ३०१८/७०७, जारी मिति २०४४/१२/१४, जिल्ला प्रशासन कार्यालय म्याग्दी) ।
४. भेष बहादुर भण्डारी/यु कुमारी भण्डारीको बुहारी, धिरेन्द्र बहादुर भण्डारीको पत्नी, म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ बस्ने **ज्वाला गिरी भण्डारी** (ना.प्र.नं. ४६१०२२/९००, जारी मिति २०६७/०७/०७, जिल्ला प्रशासन कार्यालय म्याग्दी) ।

**लिलामहुने सम्पत्तिहरुको विवरण**

१. **यु कुमारी भण्डारी**को नाममा मालपोत कार्यालय म्याग्दीमा दर्ता कायम भएको म्याग्दी जिल्ला अर्थुङ्गे गा.वि.स वडा नं. ०१/क स्थित कि.नं. ५५५ को क्षेत्रफल ०-२-३-१ (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **पुर्खा कस्सट्रक्सन** कायम भई बाग्मति अञ्चल यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुरमा दर्ता कायम रहेको चे.नं. MROKR22GX00604730, ई.नं. 2KD-5580050, सवारी नं. बा ९ च ६४०५, को Toyota Hilux थान १ ।
३. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **पुर्खा कस्सट्रक्सन** कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको चे.नं. MC2L4GRC0KL008584, ई.नं. 91L84518226, सवारी नं. लु १ क ४९३८, को EICHER TERRA 25G BOGI 9S TIPPER 8226/8584 थान १ ।
४. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **पुर्खा कस्सट्रक्सन** कायम भई गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय, कास्कीमा दर्ता कायम रहेको चे.नं. HAR3DXSUL02723300, ई.नं. H00277695, सवारी नं. ग १ क ५३१३, को JCB 3 DX Super BHL थान १ ।
५. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **पुर्खा कस्सट्रक्सन** कायम भई गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय, कास्कीमा दर्ता कायम रहेको चे.नं. PUNJD22AEL2900323, ई.नं. 84923092, सवारी नं. ग १ क ५६२८, को JCB NXT 221 TRACKED EXCAVATOR थान १ ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० जेठ १७ गते** भित्र बैंकको शाखा कार्यालय ट्राफिकचोक, बुटवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ट्राफिकचोक, बुटवलबाट रु ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात मिति २०८० जेठ १८ गते अपरान्ह ३:००** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बांकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बेनी, म्याग्दी/शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखीएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ ।

**बोलपत्र खोलिने मिति २०८० साल जेठ १८ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बेनी, म्याग्दी फोन नं. ०६९-५२०९६२/६३ र ५२१०२०**
**शाखा कार्यालय ट्राफिक चोक, बुटवल फोन नं. ०७१-५३६६३०/५३०४९०**

मन्त्रिपरिषद् निर्णय

# मुकेश कायस्थलाई राष्ट्रिय शहीद घोषणा गरिने



काठमाडौं/मस-सरकारले मुकेश कायस्थलाई राष्ट्रिय शहीद घोषणा गर्ने निर्णय गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले १७ वर्षदेखि जिउँदो सहिदका रूपमा चिनिएका कायस्थलाई शहीदको घोषणा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

आन्दोलनका क्रममा विसं २०६२ चैत २७ गते मुकेशको कञ्चटमा गोली लागेको थियो । सरकारले मुकेशको उपचार खर्च, रु १५ हजार मासिक भत्ता, एक सुसारेका लागि रु छ हजार दुई सय भत्ता र एक नर्स नियमित उपलब्ध गराउँदै आएको थियो ।

त्यसैगरी मन्त्रिपरिषद्ले सिँचाइ मन्त्रालयको प्रस्तावमा नयाँ बुटवल-लमही ४०० केभी प्रसारण लाइनअन्तर्गत मोतीपुर सवस्टेशनको लागि वाणगंगा नगरपालिकामा १५ बिघा जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउनको निम्ति अधिकारी तोक्ने निर्णय पनि गरेको छ । सरकारका प्रवक्ता शर्माले सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा राष्ट्रिय योजना आयोग सदस्य डा.जयकान्त राउत नेतृत्वको प्रतिनिधिमण्डललाई यही जेठ १ देखि ५ गतेसम्म थाइल्याण्डमा हुने स्क्यापको ७९औं बैठकमा भाग लिन जान स्वीकृति दिने निर्णय भएको पनि जानकारी दिइन् ।

जुम्लाको जुम्ला विमानस्थलको धावनमार्ग विस्तार तथा टर्मिनल भवन निर्माणको निम्ति करिब एक सय ८३ दशमलव ८० रोपनी जग्गा प्राप्त गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई स्वीकृत प्रदान गर्ने सरकारको निर्णय छ ।

जेठ ७ देखि १६ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजित वर्ल्ड हेल्थ सम्मेलनमा भाग लिन स्वास्थ्यमन्त्रीलाई स्वीकृति दिने निर्णय गरिएको मन्त्री शर्माले जानकारी दिइन् । पत्रकारको प्रश्नमा मन्त्री शर्माले भनिन्, 'नागरिकताको विषय सरकारको हतारको विषयभन्दा पनि आमनागरिक र जनताको विषय हो, आजसम्म नागरिकता नपाउँदा कयौं समस्या पैदा भएको छ, मानिसको जीवनसँग जोडिएका विषयलाई सरकारले छिटोभन्दा छिटो टुंग्याउने पक्षमा छ ।' उनले प्रधानमन्त्रीको भारत भ्रमणलाई नागरिकता विधेयकसँग जोडेर नहेर्नसमेत आग्रह गरिन् ।

# तीन केन्द्राध्यक्षलाई कारबाही

**काठमाडौं/मस–** राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षामा मर्यादाविपरीत कार्य गर्ने तीन केन्द्राध्यक्षलाई कारबाही गरेको छ । उक्त बोर्डले एक सूचना जारी गरी गत वैशाख २९ र ३१ गते सञ्चालन गरेको परीक्षामा मर्यादाविपरीत कार्य गरिएकाले एक जनालाई बर्खास्त गरिएको र अन्य दुई जनालाई सचेत गराएर छाडिएको जनाएको छ । काठमाडौंको मित्रपार्कस्थित टेक्सास इमावि परीक्षा केन्द्रमा मर्यादाविपरीत कार्य गर्ने केन्द्राध्यक्षलाई बर्खास्त गरिएको र मित्रपार्ककै कैलाशकुट बहुमुखी क्याम्पस तथा बौद्धस्थित कुमारी आवासीय माविका केन्द्राध्यक्षलाई परीक्षाको उचित वातावरण कायम गर्न नसकेको भन्दै सचेत गराएको जनाइएको छ ।

कक्षा १२ को वार्षिक परीक्षा गत वैशाख २६ गतेदेखि सञ्चालन भइरहेको छ । मोबाइलमार्फत प्रश्नपत्र खिचेर बाहिर पठाउने र त्यहीँबाट उत्तर लेखेर पठाउने गरिएको भन्दै विभिन्न ठाउँबाट सूचना सार्वजनिक भइरहेका छन् । सामाजिक सञ्जालमा अनधिकृत आइडी तथा पेज सिर्जना गरी गलत तथा भ्रमपूर्ण सूचनासमेत प्रवाह भइरहेको बोर्डले जनाएको छ ।

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**भक्तपुर अस्पताल**
**भक्तपुर, नेपाल**

## सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

**(प्रकाशित मितिः २०८०/०२/०३)**

आ.व.०७९/८० मा यस अस्पतालको लागि आवश्यक फर्निचर सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आय कर तथा मूल्य अभिबृदि कर (VAT) मा दर्ता भएका ईच्छुक फर्म, कम्पनी वा सप्लार्यसले यस अस्पतालबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सक्नेछ । सूचना प्रकाशन भएको मितिले १६ औं दिन, दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ । रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र सोही दिन, दिनको ठीक २:०० बजे यस अस्पतालमा खोलिने छ । सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात् कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरू सिलबन्दी दरभाउपत्र, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ । विस्तृत जानकारीको लागि यस अस्पतालको सूचना पाटीमा हेर्नु हुन तथा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

**तपशीलः**

| सि.न. | ठेक्का नं. | कामको विवरण | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|
| १. | BHB/BHAKTAPUR/ 08/079-80 | फर्निचर खरिद सम्बन्धी | १०००/– |

**प्रमुख मेडिकल सुपरिटेन्डेण्ट**

# आरम्भ परियोजनाले गरेका कामको अनुगमन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ जेठ

आरम्भ परियोजनाले रौतहटमा गरेका कामको अनुगमन गरिएको छ। परोहा नगरपालिकाको श्री माध्यमिक विद्यालय जिङ्गडवा बेलबिछवा, रौतहट परोहा न.पा., पिपुल. इन. निड नेपाल, शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक संस्था जिल्ला समन्वय समिति र आसामान नेपालको प्रतिनिधिहरुले संयुक्त अनुगमन गरेका हुन् ।

आरम्भ परियोजनाले विगत ४ वर्षदेखि रौतहट जिल्लामा काम गर्दै आएको छ। यस्तै परियोजनाले परोहा नगरपालिकामा पनि विगत १ वर्षदेखि काम गर्दै आएको छ ।

१९ ओटा सामुदायिक सिकाई केन्द्रद्वारा परोहा पालिकाको विद्यालय बाहिर रहेको ४ सय २६ जना विवाहित र अविवाहित किशोरीहरुलाई शिक्षाको मूल प्रवाहकरणमा ल्याउने उद्देश्यका साथ काम गरिरहेको छ । आरम्भ परियोजनाले परोहा न.पा.को ४ सय २६ जना विवाहित तथा अविवाहित किशोरीहरु सामुदायिक सिकाई केन्द्रको कोर्ष पूरा गर्नका साथै विद्यालयमा भर्ना हुनको लागि सहजीकरण गरिएको छ । यसै क्रममा परोहा न.पा.को विभिन्न ६ ओटा सामुदायिक विद्यालमा ३ सय १६ जना किशोरीहरुलाई भर्ना हुनको लागि आसामान नेपालले आरम्भ परियोजना अन्तर्गत सहजीकरण गरिएको छ ।

सोमध्ये परोहा नगरपालिकाको श्री माध्यमिक विद्यालय जिंग्डवा बेलबिछवा, रौतहटमा विभिन्न कक्षागत रुपमा जम्मा ५८ जना किशोरीहरुलाई भर्ना गर्नमा सहजीकरण गरिएको छ ।

WE'RE HIRING
VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
1. Secretary Manager - (1 Female)
2. Admin Manager - (1 Female)
SALARY Negotiable
Minimum education bachelor degree
Should have 2/3 years experience in related field.
SEND YOUR CV:
admin@bluelinkplacement.com
01-5913225
01-5913226
श्रम इजाजत नं. १५४७/०७८/०७९
BLUE LINK PLACEMENT SOLUTION PVT.LTD
एयरपोर्ट, काठमाडौं, नेपाल

WE'RE HIRING
VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
1. Documentation - (2 Male/Female)
2. Accountant - (1 Male/Female)
3. Receptionist - (1 Female)
SALARY Negotiable
Minimum education +2 passed
Should have 2/3 years experience in related field.
SEND YOUR CV:
info@blueoceanmanpower.com,
recruitmentocean111@gmail.com
01-4576215
01-4591772
श्रम इजाजत नं. ११६३/०७३/०७४
Blue Ocean Recruitment Pvt. Ltd.
New Baneshwor, Kathmandu, Nepal

## कम्पनी गाभ्ने/गाभिने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०२/०३**

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७९/१२/२९ गते सम्पन्न संयुक्त बिशेष साधारणसभाको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम **पब्लिक हिमालय इन्स्टिच्यूट अफ टेक्नोलोजी प्रा.लि. (प्रा.लि. नं. ११९२४५)** मा **पब्लिक नेशनल टेक्निकल कलेज प्रा.लि. (प्रा.लि. नं. ९४४५२)** लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी **पब्लिक नेशनल टेक्निकल कलेज प्रा.लि. (प्रा.लि. नं. ९४४५२)** लाई **पब्लिक हिमालय इन्स्टिच्यूट अफ टेक्नोलोजी प्रा.लि. (प्रा.लि. नं. ११९२४५)** मा गाभ्न मिति २०८०/०१/०५ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा गराइन्छ ।

पोल्याण्डमा रोजगारको अवसर | कम्पनीः LEAD TRUST HR SP ZO.O
शहरः Poland,Olsztyn

पुर्व स्वीकृत मितिः२०८०/०१/२० चलानी नं.:६०२००९२४ LT. No.: 285487

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब PLN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 100 | 0 | स. काममा दक्ष | 3974 | १२५,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्य काममा युरोप जान चाहने व्यक्तिहरूले पनि निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता बाजेको सेकुवा पोखरामा २०८० जेठ ३ र ४ गते(17 & 18 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ६ र ७ गते (20 & 21 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

यसै कम्पनीको लागि Furniture Carpenter, Packing Helper, Welder, Steel Fixer, GCC Driver, Waiter/ Waitress, Housekeeping अनि महिला कामदारहरुले पनि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५५५/०७५/८०
GULF EMPIRE COMPANY PVT. LTD.
KMC-31, Minbhawan, Baneshwor, Kathmandu, Nepal. Tel: 01-4115960/4115961.
Direct/whats App : 9801315959 | 9801106264 | 9851095704 | 9813287287
Email:gulfempirenepal@gmail.com. Web.: www.gulf-empire.com
Creating a Better World !

## Invitation for Bids

**Rangeli Municipality**
**Office of The Executive Municipal**
**Rangeli, Morang**

## Invitation for Bids for the Construction of different works

**Date of publication: 16-05-2023 (02/02/2080)**

1. Rangeli Municipality invites electronic bids only from eligible bidders for the construction of **different works** under National Competitive Bidding – Single Stage Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rangeli Municipality, Rangeli, Morang, ***mailing address-rangelimun.gov.np, Mobile No - 9852068111*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:** Name of the Bank:-Agricultural Development Bank, Branch Office ,Rangeli, Morang,Name of Office : Rangeli Municipality, Rangeli ,Morang ,rajaswa (revenue) Shirshak no. Ga(1.1)0601401150257011.
4. Pre-bid meeting shall be held at Rangeli Municipality,Rangeli ,Morang at ***06/06/2023* (23/02/2080) *on 13.00 hrs***
5. Electronic bids must be submitted to the office ***Rangeli Municipality*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12.00 on 15/06/2023 (32/02/2080) including PDF of Tax Clearance, Pan No,.** company(078/79) register ,Ijajat certificate Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13.00, 15/06/2023* (32/02/2080)** at the office of ***Rangeli Municipality*** .Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum of **belows**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. Information to deposit the Bid security in Bank: Name of the Bank: Agricultural Development Bank, Rangeli,Morang, **Ga(3),Deposit no-** Ga(3.1)0601401150257079. Name of Office: Rangeli Municipality, Rangeli, Morang.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. **Details of Works**

| S. No. | Contract Identification No. | Name of Works | Stage/ Envelop | Estimated Amount without Vat & Contingency | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|
| 1 | **NCB/Rangeli/ works/ 36/079-80** | Construction of plum concrete drain,Retaining structure,Road crossing,Tick drain and Slab culvert in different ward of Rangeli Municipality, Rangeli, Morang. | Single / Two | - | 1450000/– | 5000.00 |

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३ जेठ २०८०, बुधबार
17 May 2023, Wednesday

## सम्पादकीय

# गृहमन्त्रीबाट खोजिएको निडरता

**नक्कली भुटानी शरणार्थी प्रकरणको बयान चलिरहेको छ । नेपाली नागरिकलाई नक्कली भुटानी बनाएर अमेरिका पठाउन खोजिएको प्रकरणमा संलग्न रहेको आशंकामा भीभीआईपीहरूकै बयान चलिरहेको छ । यो प्रकरणको छानबीनका क्रममा पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्व गृहमन्त्री बालकृष्ण खाँण, बहालवाला सचिव टेकनारायण पाण्डे लगायतको बयानलाई चासोका साथ हेरिएको छ । रायमाझी, खाँण, पाण्डे सहित १३ जना यो प्रकरणमा पक्राउ परेका छन् । उनीहरूको बयानका आधारमा यो प्रकरण अगाडि बढ्नेछ । सार्वजनिक चासोमा पक्राउ परेका भन्दा बाहिर रहेका नेताहरू समेत छन् । तत्कालीन मन्त्री र सचिव मात्रै नभएर राजनीतिक नेतृत्व नै यो प्रकरणमा जोडिएको हुनसक्ने आमचासो छ । दलहरूभित्र पनि एकअर्का पार्टीका नेतृत्वलाई समेत मुछेर यो प्रकरणको चर्चा हुने गरेको छ ।**

**संघीय संसदमा समेत दोषी छुट्न नहुने आवाज उठिरहेको छ । नागरिक अगुवाहरू सडक संघर्षमा छन् भने सामाजिक सञ्जालमा खबरदारीले भरिएका छन् । यी सबै गतिविधि र आशंकाको केन्द्रमा गृहमन्त्री नारायणकाजी श्रेष्ठ छन् । किनभने यो प्रकरण कसरी अगाडि बढ्छ भन्नेमा गृहमन्त्री श्रेष्ठकै निर्णयलाई मुख्य मानिएको छ । यदि गृहमन्त्री श्रेष्ठले यो प्रकरणलाई मोड्न चाहेमा वास्तविक दोषीले आवश्यक सजाय नपाउने आशंका भइरहेको छ । तसर्थ यो प्रकरणमा गृहमन्त्रीको प्रतिबद्धता र तत्परता अहिलेको मुख्य चासो हो । संघीय संसद, राजनीतिक वृत्त र आमनागरिकले अहिले गृहमन्त्रीलाई नरोकिन आग्रह गरिरहेका छन् ।**

**प्रमुख राजनीतिक दलका प्रमुखहरूको बाक्लो भेटवार्ताले पनि गृहमन्त्री श्रेष्ठको निर्णयलाई मुख्य चासोका साथ हेरिएको हुन सक्छ । किनकि यो प्रकरणमा प्रमुख दलकै नेताहरू तानिनसक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । अझ पक्राउ परेका नेताहरू प्रमुख दलका प्रभावशाली व्यक्ति हुन् । खाणलाई नेपाली कांग्रेसको भावी नेतृत्वकै रूपमा हेरिने गरिएको छ भने रायमाझी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले विश्वास गरेका नेता हुन् । ओली कमजोर अवस्थामा रहँदा पनि रायमाझीले साथ दिएकाले रायमाझी जोगाउन एमाले नेतृत्व लाग्न सक्ने अनुमान बल पुग्छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वको जग कांग्रेस भएकाले खाँण दोषी भएर अगाडि बढ्ने अनुसन्धानप्रति पूर्ण विश्वास देखिदैन । तर आमनागरिकको भावना भने यो प्रकरण निष्कर्षमा पुगेमा अरू भ्रष्टाचार र ठगीका घटना न्यूनिकरण हुन सक्थ्यो भन्ने देखिन्छ । तसर्थ गृहमन्त्री श्रेष्ठले राजनीतिक दबाव भुलेर अनुसन्धानलाई निर्भयका साथ अगाडि बढाउन प्रहरीलाई साथ दिने प्रतिबद्धता आम माग जस्तो बन्न पुगेको छ ।**

# नेपाली विशिष्टताको समाजवादबारे बहस

अग्रलेख



● आलोक रायमाझी




### विश्व परिवेश

चिनियाँ कम्युनिष्ट पार्टीले आफ्नो स्थापनाको शत वार्षिकी एक वर्ष अगाडि मनायो । जारी दशकभित्र विश्व महाशक्ति बन्ने दौडमा रहेको चीनले प्रारम्भमै कोभिड-१९ को दरो रोकथाम गर्‍यो र आफ्नो जनसमुदाय तथा अर्थतन्त्रलाई किञ्चित असर पुग्न दिएन । दोस्रो मुलुकप्रति सदा अनाक्रमणको इतिहास रचेको चीनले बीआरआई रणनीतिको साझेदारीमार्फत विश्व समक्ष चिनियाँ विशेषताको समाजवादी अन्तर्राष्ट्रवादको प्रस्ताव गरेको देखिन्छ । मार्क्सवादको पाँच आधारभूत सिद्धान्तका दृष्टिले सहमत भइहाल्न नसकिए पनि विद्यमान दक्षिणपन्थी अतिवाद र इतिहासको वामपन्थी अतिवादका विरुद्ध व्यवहारीक दृष्टिले चिनियाँ समाजवादी अन्तराष्ट्रियवादको रणनीति समकालीन नयाँ विश्व व्यवस्थाको पक्षमा सम्यक विकल्प प्रतीत हुन्छ । सय वर्षअघि, सन् १९२१ मा स्थापित चिनियाँ कम्युनिष्ट पार्टीका एक सदस्य माओत्सेतुङ्को नेतृत्वमा राष्ट्रियता, जनवाद र जनजीविका सुनिश्चत गर्न लडिएको एक महान जनक्रान्ति सफलताको पृष्ठभूमिमा, पार्टी महासचिव सी जिनपिङ नेतृत्वमा छिमेकी जनगणतन्त्र चीनको अग्रसरता गणतन्त्र नेपालका लागि निश्चय नै प्रशन्नताको कुरा हो ।

यूरोपमा पुँजीवादी जागरणसँगै "संसारमा बहुमुल्य जे छ, खोज र कब्जा गर"को रणनीतिले यूरोपेलीहरु अमेरिका कब्जा गर्न पुगे । आदिम साम्यवादी संस्कृतिका आदिवासीहरुको सम्पूर्ण भूभाग कब्जा गर्दै यूरोपेलीहरुकै एकल प्रभुत्वमा संयुक्त राज्य अमेरिका स्थापना गर्न पुगे । रैथाने आदिवासीहरु समूल निषेध गरिए भने दास प्रयोजनमा अफ्रिकाबाट झिकाएइका पूर्खाका सन्तान करोडौं अश्वेत नागरिकहरु, श्वेत प्रहरी अधिकृतद्वारा घाँटी थिचेर मारिएका जर्ज ल्फोयडको जीवनदशामा आज पनि कैद छन् । अठारौं शताब्दीको अन्तितिर ब्रिटिश उपनिवेशबाट स्वतन्त्र बनेको संयुक्त राज्य अमेरिका वैज्ञानिक अल्बर्ट आईन्सटाइनको अणु बम सुत्र अनुदानले दोस्रो विश्वयुद्धमा पुँजीवादी महाशक्ति बन्न पुग्यो । त्यस उप्रान्त सोभियत संघ र चिनियाँ साम्यवाद रोक्ने भन्दै अमेरिकाले मुख्यतः कम विकसित मुलुकहरु माथि सैनिक आक्रमण घनिभूत पार्ने अपराध जारी राखेको छ । सामान्यतः दोस्रो विश्वयुद्ध र विशेषतः भियतनाम युद्धमा भारी पराजयपछि साम्राज्यवादी अमेरिकाको अगुवाईमा पुँजीको निजीकरण, भूमण्डलीकरण र उदारीकरण भन्दै विश्व पुँजीवाद वस्तुतः नव-पुँजीवादमा पतन भएको छ ।कोभिड-१९ को आम प्रकोपले नव-पुँजीवादलाई पतनको उत्कर्षमा पुर्‍याएको अवस्था प्रष्टै देख्न सकिन्छ । पुँजीवाद भित्रैका यी संकटका कारण आफ्नो साम्राज्यवादी अस्तित्व रक्षाका लागि अमेरिका चिनियाँ समाजवादविरुद्ध आक्रमणको अन्तिम तयारी गरिरहेको देखिन्छ । यसैले समाजवादी अर्न्तराष्ट्रवादको रणनीति लिएको जनगणतन्त्र चीनविरुद्ध दक्षिण चीन सागर र नेपालमा सैनिक अखडा जमाउन पछिल्लो समय साम्राज्यवादी अमेरिकाले दुष्ट शाहस गरिरहेको छ । त्यसैको अभिव्यक्ति हो, इन्डो-प्यासिफिक सैन्य रणनीति को अभिन्न अंग एमसीसी परियोजना ।

परन्तु कतिपय शासकहरु विदेशी दलाल भएपनि सदा स्वाधीन नेपाली जनता देशभक्त छन् र सबै खाले जनप्रतिरोधका निम्ति सक्षम छन् । नेपाली समाजमा व्याप्त जात व्यवस्था र विपन्नताबाट नाजायज लाभ उठाउँदै धर्म परिवर्तनद्वारा औपनिवेशीकरणको रणनीतिमा युरोपेलीहरु तल्लीन देखिन्छन् । त्यसमा यहाँकै कतिपय राष्ट्रिय आत्मसमपर्णवादी गद्दारहरु सारथी बनेका छन् । आफ्नो मौलिक परम्पराहरुमा गुणात्मक सुधार गर्दै धार्मिक स्वतन्त्रता पक्षधर राष्ट्रिय स्वाधीनताप्रेमी जनसमुदाय तथा राजनीतिक संगठनहरु नेपालको सार्वभौमिकता रक्षा गर्न निश्चय नै सामर्थ्यवान रहने छन् ।

दक्षिण छिमेकी भारत दक्षिण एसियाको सभ्यता विकास केन्द्र हो । यहाँबाट महान् सम्पदाहरु विकसित भएका छन् जसले, जात व्यवस्थाको कलंक बाहेक दक्षिण एसियाली मुलुकका जनताको अनुपम सेवा गरेको छ । सम्राट अशोकको समय स्वाधीन र अखण्ड रहेको भारतमा त्यसपछि अनेक बाह्य शक्तिले औपनिवेशिक शासन चलायो । पछिल्लो समय भारतका जनताविरुद्ध औपनिवेशिक उत्पीडन गरिरहेको ब्रिटिश साम्राज्यवाद दोस्रो विश्वयुद्धसम्म आउँदा यथावत टिक्न नसक्ने भयो । खासगरी, सन् १९१७ मा लेनिन-स्टालिन नेतृत्वको सोभियत क्रान्तिले उपनिवेशवादविरुद्ध विश्वव्यापी राष्ट्रिय मुक्ति आन्दोलनको वैज्ञानिक सिद्धान्त र क्रान्तिकारी उर्जा दिलायो । सँगसँगै उत्तरको विशाल चीनमा माओवादी क्रान्ति निर्णायक बनिसकेको थियो । ठीक यही पृष्ठभुमिमा, सन् १९४७ मा भारत स्वतन्त्र बन्यो ।

आजाद हिन्द फौज स्थापना गरेर स्वतन्त्रता संग्राम लडेका सुभाषचन्द्र बोसको मुख्य योगदान रहेको स्वतन्त्र भारतमा गान्धी-नेहरु शासन परम्परा स्टालिन कालदेखि नै सोभियत-रुस सम्बन्धमा आधारित थियो । पछिल्लो समय हिन्दु अतिवादी संगठन 'आरएसएस'को राजनीतिक मोर्चा भाजपा गठनपछि त्यसले हिन्दु सामन्ती साम्राज्यवादलाई बढावा दिएको छ । काश्मिरी जनताको विशेष स्वायत्तता खोस्ने र प्रगतिशील एवम् गैरहिन्दुहरु विरुद्ध फासिवादी दमन त्यसको प्रमाण हो । यद्यपि, कांग्रेस आईकै सिक्किम कब्जा र छिमेकीप्रति गिद्दे दृष्टिका कारण भारतीय साम्राज्यवादविरुद्ध नेपालमा राष्ट्रिय प्रतिरोध आन्दोलन जारी रहँदै आएको हो । भाजपासम्म आउँदा सबै शक्ति दिल्लीमा केन्द्रित गर्न अभ्यस्त प्रधानमन्त्री नरेन्द्र मोदीले आफूलाई भारतको पृथ्वीनारायण शाह तुल्याउने धृष्टता गरिरहेका छन् । जसले प्रगतिशीलहरु विरुद्ध हिंसात्मक उत्पीडन थोपर्नुका साथसाथै स्वाधीन नेपाललाई भारतीय हिन्दु साम्राज्यवादको प्रत्यक्ष उपनिवेश तुल्याउने फासिवादी चुनौति बढाइरहेको छ ।

